# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

भाग : २ खण्ड: ३ संख्या:१९

# फिदिम नगरपालिका

## फिदिम नगरपालिकाको श्रमिक वीमा सम्वन्धि कार्यविधि २०७६

आज्ञाले,

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

# वीमा सम्वन्धि कार्यविधि २०७६

| | |
|---|---|
| कार्यपालिका बैठबबाट स्वीकृत मिति | २०७६।११।०६ |
| प्रमाणिकरण भएको मिति | २०७६।११।०७ |

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**फिदिम, पाँचथर**

**१ नं. प्रदेश,नेपाल**

# वीमा सम्वन्धि कार्यविधि २०७६

फिदिम नगरपालिकामा जोखिम युक्त सार्वजनिक क्षेत्रमा कार्यरत श्रमिकहरुका लागि जीवन वीमा कार्यक्रम सन्चालन गरी श्रमिकहरुको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्न फिदिम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४को दफा ४ वमोजिम फिदिम कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

१) यो कार्यविधिको नाम : फिदिम नगरपालिकाको श्रमिक वीमा सम्वन्धि कार्यविधि २०७६, हुनेछ ।

२) यो ऐन नगरकार्यपालिकाले पारीत गरी फिदिम राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

३) फिदिम नगरपालिकाले देहायका क्षेत्रमा काम गर्ने देहाय वमोजिमका श्रमिकहरुका लागि क्रमिक रुपमा वीमा योजना कार्यान्वयन गर्नेछ ।

क) यातायात श्रेत्रका श्रमिकहरु

ख) सार्वजनिक निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरु

ग) नगरपालिकामा कार्यरत सवारी चालक तथा वारुणयन्त्रमा कार्यरत कर्मचारीहरु

घ) नगर प्रहरी

४) नगरपालिकावाट सन्चालित वीमा योजनामा सहभागी हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ ।

क) नगरपालिकाको स्थाई वासिन्दा वा कम्तीमा नगरपालिकामा विगत १० वर्ष देखी नियमित रुपमा श्रमिकको रुपमा कार्य गरेको ।

ख) कार्यक्षेत्र संग सम्वन्धितमजदुर युनियनको सदस्यता प्राप्त गरेको ।

ग) सम्वन्धित वडाको सिफारिस भएको ।

घ) निर्माण मजदुरको हकमा नगरपालिकावाट निर्माण सम्वन्धि विषयमा तालिम प्राप्त गरेको ।

ङ) अन्य कुनै पेशा नभएको वा खेतीयोग्य जमिन नभएको ।

५) नगरपालिकाले विमा सेवा छनौटका लागि प्रत्येक वर्ष वीमा कम्पनीहरुसंग वीमा कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्नेछ । यसरी प्रस्ताव पेश गर्ने सेवा प्रदायक मध्ये सवैभन्दा लाभ प्रस्ताव गर्ने कम्पनीको छनौट नगरकार्यपालिकाले गर्नेछ ।

६) वीमा गर्न चाहने मजदुरहरुको छनौटको लागि नगरपालिकाले १५ दिनको म्याद दिई यो योजनामा छनोट हुन चाहने मजदुरको आवेदन आह्वान गरी त्यस्ता मजदुरहरुको सूची तयार गर्नेछ ।

७) सूचीमा समावेश भएका मजदुरहरुको वीमा प्रिमियमका लागि नगरपालिकाले विनियोजन गरेको रकम दामासाहीले वढीमा ५०% रकम व्यहोर्नेछ र वाँकी रकम सम्वन्धित मजदुर आफैंले व्यहोर्नु पर्नेछ ।

८) वुँदा नं ८ मा उल्लेख भए अनुसारको रकम फिदिम नगरपालिकाले प्रत्येक वर्ष उपलव्ध गराउनेछ ।

९) यसरी गरिने सावधिक वीमा २० वर्षको लागि गरिनेछ ।

१०)नगरपालिकाले सन्चालन गर्ने वीमा कार्यक्रमको प्रभावकारिता हेरी यो कार्यक्रमलाई निरन्तरता दिन वा नदिन सक्नेछ ।

आज्ञाले

विनोदकुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत